Ohio Statewide
Family Engagement Center
at The Ohio State University

# कक्षा तीनको पठनको ग्यारेन्टी: अभिभावकको अनुरोधको छुटका बारेमा जानकारी

## अभिभावकको अनुरोधको छुट भनेको के हो?

Ohio मा अभिभावक/हेरचाहकर्ताका रूपमा तपाईं आफ्नो बच्चाले कक्षा 3 को अङ्ग्रेजी भाषा कलाका लागि Ohio राज्यको परीक्षामा प्रोमोसन अङ्क प्राप्त गरे पनि वा नगरे पनि तपाईंको बच्चालाई कक्षा 4 मा प्रोमोट गर्ने अनुरोध गर्न सक्नुहुन्छ।

तपाईंलाई अभिभावकका रूपमा आफ्नो बच्चालाई कक्षा चारमा लैजाने वा नलैजाने कुराको पूर्ण अधिकार प्रदान गरिँदा तपाईंले आफ्नो बच्चाको कक्षा 3 का पठन शिक्षक र विद्यालयका प्रिन्सिपलसँग कुरा गर्नु पर्ने हुन्छ। विद्यालयलाई सोध्ने केही प्रश्नहरू यहाँ दिइएका छन्।

## नमूना प्रश्नहरू

- कक्षा 3 को अङ्ग्रेजी भाषा कलाका लागि Ohio राज्यको परीक्षाका साथसाथै यस वर्ष अन्य कुन-कुन पठनका मूल्याङ्कनहरू गरिए र मेरो बच्चाले कस्तो अङ्क ल्यायो?
- यस वर्ष विद्यालयले मेरो बच्चालाई कस्ता पठनका सहायताहरू गऱ्यो र मेरो बच्चाले कस्तो प्रगति गऱ्यो?
- मेरो बच्चालाई फेरि उचित अङ्क प्राप्त गर्न आवश्यक पर्ने मुख्य सीपहरू के-के हुन्?
- मेरो बच्चाको पठनसम्बन्धी सीपहरूले उसका अन्य शैक्षिक विषयका क्षेत्रहरूमा कस्तो प्रभाव पारेका छन्?
- मैले आफ्नो बच्चालाई 4 कक्षामा लैजाने छनौट गरेमा उसले कक्षा 4 मा पठनसम्बन्धी के-कस्ता सहायताहरू प्राप्त गर्ने छ?
- कक्षा 4 मा गहन शैक्षिक सहायतालगायत आवश्यक 90+ मिनेटको दैनिक पठन शिक्षणका लागि मेरो बच्चाको शिक्षक(हरू) को हुने छन्?
- मेरो बच्चालाई पठ्न सिक्न घरमा सहायता गर्नका लागि म के गर्न सक्छु?
- मेरो बच्चाका लागि के-कस्ता संसाधन, शिक्षण कार्यक्रम वा अन्य विद्यालयपछिका कार्यक्रमहरू उपलब्ध छन्? यी स्थानीय संसाधनहरूले सिकाइका समान आवश्यकताहरू भएका अन्य बच्चाहरूलाई मद्दत गरेका छन्?

Ohio को कानुनअन्तर्गत यो छुटअन्तर्गत प्रोमोट गरिएका विद्यार्थीहरूले ग्रेड स्तरको पढ्ने नभएसम्म गहन सहायतालगायत कम्तीमा 90 मिनेट दैनिक पठन शिक्षण प्राप्त गर्ने छन्।

तपाईं आफ्नो बच्चालाई कक्षा 4 मा प्रोमोट गर्न चाहनुहुन्छ भने तपाईं आफ्नो बच्चाको विद्यालयलाई बताउनका लागि यो नमूना अभिभावकको अनुरोधको छुट पत्र प्रयोग गर्न सक्नुहुन्छ। तेस्रो कक्षाको पठनको ग्यारेन्टीका बारेमा थप जानकारी Ohio शिक्षा तथा कार्यबल विभाग (Ohio Department of Education and Workforce) को वेबसाइटमा फेला पार्न सकिन्छ। यो छुटमा लागू हुने कानुनी भाषा पढ्नका लागि Ohio संशोधित कोड (Ohio Revised Code) 3313.608 खोज्नुहोस्।

**जनवरी 2024**